माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**आज मिति २०७७ साल कार्तिक ०३ गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।**

**प्रस्तावहरु**

१. शुभकामना सम्बन्धमा ।

२. आर्थिक सहयोग सम्बन्धमा ।

३. विधुतिय- वोलपत्र प्रकाशन सम्बन्धमा ।

४. सुरक्षित नागरिक आवास निर्माण सम्बन्धमा ।

५. विज्ञापन खोल्ने सम्बन्धमा ।

६. कार्यविधि सम्बन्धमा ।

**निणर्यहरु**

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा २०७७ सालको शुभ विजयादशमी, शुभ दिपावली, छठ पर्व लगायत नेपाली चाडपर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा सुस्वास्थ्य, सुख, शान्ती, समृद्धिको हार्दिक मङ्गलमय शुभकामना दिने निर्णय गरियो । साथै कोभिड-१९ रोगको संक्रमण बढ्दो रुपमा फैलिएकोले चाडपर्व मनाउदा सुरक्षाका मापदण्डको पालना गरि घरमै बसि मनाउन सम्पूर्ण माण्डवी वासिलाई अनुरोध गर्ने तथा चाडपर्वको अवसर पारि हुने भिडभाड, खेलकुद प्रतियोगिता, महोत्सव, सास्कृतिक कार्यक्रम नगर्न/ नगराउन सवैमा हार्दिक अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २. माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. १ गर्जेनी निवासी ३२ वर्षिय डोर बहादुर कुवरको मिति २०७७/०३/२३ गते अरङ्गखोलामा मजदुरी गरि रहेकै समयमा अचानक माथिबाट ढुङ्गा खसि लागेर घाइते अवस्थामा विजुवार हस्पीटल लगि उपचार गर्ने क्रममा मृत्यु भएकाले गाउँपालिकाले विपदमा परि मृत्यु भएका व्यक्तिलाई आर्थिक सहायता प्रदान गर्ने कानुनी प्रवन्ध अनुसार निजको परिवारलाई रु. ५० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३. माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को निती तथा कार्यक्रम र स्विकृत वजेट अनुसार **उदयपुरकोट दरवार निर्माण आयोजना** (समपूरक कोषबाट प्राप्त रकम समेत ) र "गाउँपालिका कार्यालय जोड्ने सडकलाई कालोपत्रे आयोजनाको" लागत अनुमान तयार गरि विद्युतिय वोलपत्र मार्फत ठेक्का प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाले सुरक्षित नागरिक आवास निर्माणका लागि दोश्रो पटक प्रकाशित सूचना भित्र अधिकतम लाभग्राहीलाई निवेदन पेश गर्न वडा कार्यालयहरुले पहल गर्ने

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

। सुरक्षित नागरिक आवास निर्माणका लागि माण्डवी गाउँपालिकामा १०० घर परिवार लाभान्वित हुने भएकाले सो सूचिमा पर्ने लाभग्राहिको  टुङ्गो नलागुञ्जेल आर्थिक वर्ष २०७६/०७७ मा खरिद गरेको जस्तापाताका लागि अति आवश्यक बाहेक वडा कार्यालयबाट सिफारिस नपठाउने तथा गाउँपालिकाबाट समेत जस्तापाता वितरण नगर्ने निर्णय गरियो ।

निर्णय नं. ५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा, नेपालको संविधानको अनुसूचि ८ मा भएको सबैधानिक व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन २०७४ को अनुसार गाउँपालिका भित्र विविध काम गर्न गाउँ प्रहरी राख्न पाउने व्यवस्था अनुसार गाउँपालिकामा ५ जना गाउँ प्रहरीका लागि विज्ञापन खोलि नियमानुसार कार्यविधि बनाई नियुक्त दिने निर्णय गरियो ।

निर्णय नं. ६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा, माण्डवी गाउँपालिकाले आर्थिक वर्ष २०७६/०७७ को वार्षिक वजेट अनुसार खरिद गरेको ट्याक्टर संचालन सम्बन्धमा सो ट्याकटर संचालनलाई प्रभावकारी वनाउन ट्याक्टर संचालन कार्यविधि गाउँपालिकाको विधायन समितीलाई जिम्मेवारी दिने तथा अर्को बैठकमा कार्यविधि पेश गरि पास गर्ने निर्णय गरियो ।

प्रमाणित गर्ने

शिसिर रिजाल

प्रमुख प्रशासकीय अधिकृत